# हरियो वन कार्यक्रम

## आन्तरिक सुशासन प्रवर्धन विधि ३

### सहभागितामूलक सुशासन आँकलन



प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुको आन्तरिक सुशासनलाई सुदृढ पार्ने कार्य हरियो वन कार्यक्रमको विभिन्न संभागहरुमा अन्तरसम्बन्धित विषय हो । यो निकै महत्वपूर्ण छ किनभने ग्रामीण क्षेत्रमा बसोबास गर्ने नेपालका धेरैजसो मानिसहरु आफ्नो जीविकोपार्जन र कल्याणका निमित्त वन सम्पदामा निर्भर छन् । वन सम्पदा भन्नाले दाउरा, स्वच्छ पानी, घरगोठ बनाउने सामग्री, गाईवस्तुलाई घाँस र औषधीजन्य जडीबुटीका साथै बाढी र पहिरोबाट जोगिने पारिस्थितिकीय सेवालाई बुझ्नुपर्छ । त्यसमा पनि गाउँका विपन्न वर्गका मानिसको वन सम्पदा माथि ठूलो चाप छ किनभने यस बाहेक उनीहरुको अरु विकल्प पनि छैन । तथापि वन सम्पदाको व्यवस्थापन कसरी गर्ने र दिगो वन व्यवस्थापनका फाइदालाई कसरी समानुपातिक रुपमा वितरण गर्ने भन्नेबारे उनीहरु कमै जान्दछन् ।

आन्तरिक सुशासनले प्राकृतिक स्रोत व्यवस्थापन समूहहरु, सामुदायिक संगठनहरु लगायत नेतृत्वदायी तहमा बसेका व्यक्तिहरुको क्षमता वृद्धि गर्छ र यस्ता कार्यक्रममा महिला तथा सीमान्तकृत समूहको सहभागिता बढाउँछ । फलस्वरुप प्राकृतिक स्रोतको समान वितरण हुन्छ र फाइदा पनि समान रहन्छ । सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन, २०६५ मा उल्लेख भए बमोजिमका विभिन्न विधि र औजारहरुको प्रयोगबाट नै आन्तरिक सुशासनको सुदृढीकरण सम्भव छ । हरियो वन कार्यक्रमले प्रयोग गर्ने यी ३ विधि सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन २०६५ मा उल्लेखित छन् । ती हुन्:

**विधि १**: सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण
**विधि २**: सहभागितामूलक सम्पन्नता स्तरीकरण
**विधि ३**: सहभागितामूलक सुशासन आँकलन

प्राकृतिक स्रोत व्यवस्थापन समूहमा विविध उपभोक्ताका आ-आफ्नै आवश्यकता र रुचि हुन्छन् । उनीहरुको सामाजिक-आर्थिक स्तरकै अनुसार प्राकृतिक स्रोतमा उनीहरुको पहुँच र नियन्त्रणमा पनि भिन्नता आउँछ । लाभको न्यायसङ्गत बाँडफाँडको सुनिश्चितताका लागि र खासगरी सबैभन्दा सिमान्तकृत समूह र महिलाको रुचि र आवश्यकता परिपूर्तिका लागि समान आवश्यकता र रुचि भएका उपभोक्ताको पहिचान गर्नु आवश्यक छ । यस्ता मुद्दालाई सम्बोधन गर्नका लागि प्राकृतिक स्रोत व्यवस्थापन समूहको आन्तरिक सुशासन सुदृढ हुनुपर्छ ।

सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन २०६५ मा उल्लेख भए अनुसार 'वन उपभोक्ता समूहको सुदृढ सुशासनले अन्य सेवा प्रदायकहरुको पारदर्शिता र उत्तरदायित्वमा सुधार ल्याउँछ । यसका अनुसार समूहभित्रको सुदृढ सुशासनका निम्ति सूचकाङ्कहरुको पहिचान गर्नु आवश्यक छ । यिनै सूचकाङ्कहरुमा आधारित भएर साधारण सभामा पर्याप्त छलफल भैसकेपछि मात्र सुशासन सुदृढ योजना तयार गर्नुपर्छ । यसका निमित्त माकुरी-जालो चित्रलाई पनि माध्यमका रुपमा प्रयोग गर्न सकिन्छ ।' (अध्याय ५, धारा ५.२, पृष्ठ १७ र १८) । यस कुरालाई मनन गर्दै र सगुन[1] कार्यक्रममा गरिएका राम्रा अभ्यास र सिकाइहरुलाई अवलम्बन गर्दै हरियो वन कार्यक्रमले पनि सहभागितामूलक सुशासन आँकलन विधि प्रयोग गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।

**प्राकृतिक स्रोत व्यवस्थापनमा सुशासन**

नेपालको प्राकृतिक स्रोत व्यवस्थापनमा विभिन्न तहको सामुदायिक सहभागिता रहेको छ । यस तर्फ सामुदायिक वन क्षेत्रले ठूलो प्रगति हासिल गरेको छ । सरकारी नीतिले वन उपभोक्ता समूहहरुलाई स्वतन्त्र र स्वाधीन स्थानीय संस्थाका रुपमा स्वीकार गरेको छ । उपभोक्ता समूह मार्फत स्थानीय व्यक्तिलाई नीति निर्माण तहको प्रजातान्त्रिक अभ्यासमा सहभागी हुने अवसर मिल्दछ जसले गर्दा न्यायपूर्ण सामुदायिक वन व्यवस्थापनमा सन्तुलित र दीर्घकालीन परिणाम सम्भव हुन्छ । उपभोक्ता समूहका सदस्यहरुले यो अवसर पाउनका निमित्त स्थानीय व्यवस्थापन सम्बन्धी गतिविधिमा सुशासनलाई अभिन्न अङ्ग बनाउनुपर्ने हुन्छ । यसका निमित्त निष्पक्ष, पारदर्शी र सहभागितामूलक तवरमा कार्य गर्ने गरी न्यायपूर्ण रुपमा शक्ति बाँडफाँड प्रणालीको आवश्यकता पर्दछ । सुशासनबाट नै प्राकृतिक स्रोतको सदुपयोग गरेर गरिबी न्यूनिकरण एवम् स्थानीय समुदायमा सामाजिक समावेशीकरणको पहलमा सघाउ पुग्दछ ।

---

[1] *प्राकृतिक स्रोत व्यवस्थापनमा सुशासन (सगुन) कार्यक्रम (२००२-२००६)*

**सहभागितामूलक सुशासन आँकलन के हो ?**

सामुदायिक समूहहरुमा प्रचलित सुशासन पद्धतिलाई आँकलन गर्ने माध्यम नै सहभागितामूलक सुशासन आँकलन हो । यसमा सुशासनका प्रमुख ४ प्रक्रियागत सूचकहरु छलफल गरिन्छ तथा सहभागितामूलक तवरबाट ती सूचकहरुमा आँकलन गरिन्छ। सुशासनका ४ आधारस्तम्भ यी हुन्– पारदर्शिता, सहभागिता, जवाफदेहिता र दूरदर्शिता । यस किसिमको मूल्याङ्कन गर्दा प्रत्येक प्रक्रियागत सूचकहरुमा चार चार वटा गरी १६ वटा सूचकाङ्कहरुको आधार लिइन्छ । यसैका आधारमा सहभागीहरुले 'अति राम्रो, राम्रो, सन्तोषजनक र कमजोर' भनी तोक्छन् । यसबाट आएको प्रतिक्रियालाई टिपोट गरिन्छ र पछि माकुरी-जालो चित्रबाट देखाइन्छ । अन्त्यमा समूहको सुशासन सुधार योजना तयार गरिन्छ। यो विधिले अनुगमन र मूल्याङ्कन प्रक्रियाको सहभागितामूलकता सुनिश्चित गर्नुका साथै सामुदायिक समूहको समग्र कार्यपद्धति एवम् प्राकृतिक स्रोतलाई न्यायसङ्गत र दिगो किसिमले व्यवस्थापन गर्न चाहिने दक्षतालाई सुधार गर्न सघाउ पुऱ्याउँछ।

## सहभागितामूलक सुशासन आँकलन प्रक्रिया

**क) प्रारम्भिक चरण**

आँकलनमा क-कसले भाग लिने भन्ने कुरा टुङ्गो लगाउन कार्यक्रमका कर्मचारी तथा स्थानीय स्रोत व्यक्तिहरुले सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरुसँग प्रारम्भिक छलफल चलाउँछन् । आँकलन गर्ने मिति र समय तोकिन्छ । उपभोक्ता समूहहरुबाट चयन भएको कार्यकारिणी समितिका सदस्यहरुले निमन्त्रणा पठाउँछन् र आवश्यक कागजपत्रको तयारी गर्दछन् । यस्तो बैठकमा घटीमा पनि ७५% सदस्यहरुले भाग लिएको हुनुपर्दछ। यसमा महिला, सीमान्तकृत समूह र सेवाबाट वञ्चित जाति तथा जनजातिको सहभागितालाई विशेष जोड दिइनुपर्छ । जिल्ला वन कार्यालय तथा सम्बद्ध सरकारी कार्यालयका कर्मचारीहरु, गाउँ विकास समितिका सचिवहरु, राजनैतिक दलका प्रतिनिधिहरु र समुदायका अन्य समूहहरुलाई बाह्य पर्यवेक्षकका रुपमा बैठकमा सहभागी हुन आमन्त्रण गरिन्छ। छिमेकी समुदायका उपभोक्ता समूहका सदस्यहरुलाई पनि समान किसिमको आँकलन परिपाटी बसाउनका निम्ति बोलाइन्छ।

**ख) आँकलन चरण**

सहजकर्ताले सहभागितामूलक सुशासन आँकलनको उद्देश्य र सूचकाङ्को विषयवस्तुबारे स्पष्ट पार्छन् । सहभागीहरुले माथि उल्लेखित सूचकाङ्का आधारमा रहेर उपभोक्ता समूहको कार्यसम्पादनको अवस्था माथि छलफल गर्दछन्। सहजकर्ताले छलफलमा प्राप्त प्रतिक्रियालाई अभिलेख गर्दछन् । महिला, गरिब, सीमान्तकृत वर्ग र अवसरबाट वञ्चित जाति तथा जनजातिको विचारलाई लिखित रुपमा सङ्कलन गरिन्छ । हरेक सूचकको स्तर निर्धारण सर्वसम्मतिका आधारमा गर्नुपर्छ । प्राप्त नतिजालाई माकुरी-जालो चित्रमा पठाइन्छ र सबैका सामु प्रस्तुत गरिन्छ। हरेक प्रक्रियागत सूचकहरुमा सुधार गर्नका निमित्त के गर्नु पर्ने रहेछ भन्ने कुरा सहभागीहरुले पहिचान गर्दछन् । अन्त्यमा सहमति जुटेको कार्यलाई सुशासन सुधार योजनामा अभिलेखिकरण गरिन्छ।

**ग) अनुगमन**

आँकलनपछि सामुदायिक वन उपभोक्ता समूहले प्रतिवेदन तयार गर्नुपर्छ र सरोकारवालासँगको सहकार्यमा सुशासन सुधार गर्न सकिने क्षेत्रका बारेमा छलफल चलाउनुपर्छ। त्यसपछिका महिनामा कार्यकारिणी समितिले सुशासन सुधार योजनाको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्नुपर्छ र साधारण सदस्यहरुसँग नियमित अन्तरक्रिया गरी प्रगतिको मूल्याङ्कन गर्ने परिपाटी सुनिश्चित गर्नुपर्छ। सुशासन आँकलनको एक वर्षपछि औपचारिक समीक्षा सम्पन्न गरिन्छ। समीक्षा बैठकमा उपभोक्ता समूहका सबै सदस्यहरु उपस्थित हुनुपर्छ।



© केयर नेपाल, हरियो वन कार्यक्रम/माधव प्रसाद ढकाल

*"हरियो वन नेपालको धन" भन्ने प्रचलित नेपाली उखानबाट प्रेरित भएर "हरियो वन कार्यक्रम" नामाकरण गरिएको हो । युएसएड द्वारा आर्थिक सहयोग प्रदान गरिएको यस कार्यक्रमको उद्देश्य जलवायु परिवर्तनका नकारात्मक प्रभावहरु र जैविक विविधतामा हुने जोखिमहरु न्यूनीकरण गर्नु, वनको संरक्षण र पुनरुत्थान गरी महिला, गरीब तथा वनमा आश्रित समुदायको जीवनयापनमा सघाउ पुऱ्याउनु तथा मानव र पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनबाट हुने प्रभावहरुसँग सामना गर्न सक्ने क्षमता वृद्धि गर्नु रहेको छ । यस उद्देश्य पूर्तिका लागि सरकार, समुदाय, नागरिक समाज र निजी क्षेत्रसँगको सहकार्य आवश्यक छ । यस कार्यक्रमले मानव र प्रकृति बीचको सम्बन्धलाई विशेष आधार बनाएको छ र दुवैको हितका लागि काम गर्दछ । यस कार्यक्रममा विशेषतः ३ अन्तर्निहित संभाग छन्- जैविक विविधता संरक्षण, रेड प्लस लगायतका पारिस्थितिकीय सेवा शुल्क भुक्तानी र जलवायु परिवर्तन अनुकूलन। यसका साथै यस कार्यक्रमले दिगो जीविकोपार्जन, सुशासन र लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता महत्वपूर्ण पक्षहरुलाई समेत समेटेको छ । हरियो वन कार्यक्रम डब्लु डब्लु एफ नेपालको प्रमुख साझेदारीमा केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषको सहकार्यमा कार्यान्वयन गरिएको छ ।*

**डब्लु डब्लु एफ नेपाल, पो ब नं: ७६६०**
**बालुवाटार, काठमाडौं, नेपाल**
**फोन: +९७७१४४३४८२०, फ्याक्स्: +९७७१४४३८४५८**
**hariyobanprogram@wwfnepal.org**
**www.wwfnepal.org/hariyobanprogram**

*डिस्क्लेमर: यो जानकारी पत्र अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तु हरियो वन कार्यक्रमका लागि डब्लु डब्लु एफ नेपाल, केयर नेपाल र अन्य साझेदारी संस्थाको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन ।*